# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक २०९ | काठमाडौं | बुधबार, १४ मंसिर २०७९ | Prabhab National Daily | Wednesday, November 30, 2022 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## सरकार गठनको होडमा सत्ता गठबन्धन र एमाले

■ प्रभाव संवादाता

**काठमाडौं–** यही ४ मंसिर मा सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनको मत परिणाम आउँदै गर्दा आगामी सरकार गठनका लागि सत्ता गठबन्धन दल र नेकपा एमालेको होडबाजी सुरु भएको छ। गठबन्धन दलका नेताहरूले सरकार गठनमा खुला पहल नगरे पनि अहिलेकै सत्ता समीकरणलाई निरन्तरता दिने बताइरहेका छन्। यता एमालेले आन्तरिकरूपमा पहल सुरु गरेको छ।

> सत्ता गठबन्धनमा प्रधानमन्त्रीका आकांक्षी धेरै देखिएका कारण अन्योल भए पनि एमालेले अध्यक्ष केपी शर्मा ओलीलाई प्रधानमन्त्रीको रूपमा अघि सार्दै साना दलसँग सहकार्य गर्ने रणनीति लिएको छ।

अहिले गठबन्धनबाट प्रधानमन्त्रीका आकांक्षी धेरै देखिएका कारण अन्योल भए पनि एमालेले अध्यक्ष केपी शर्मा ओलीलाई प्रधानमन्त्रीको रूपमा अघि सार्दै साना दलसँग सहकार्य गर्ने रणनीति लिएको छ। जनादेशअनुसार कसैको पनि स्पष्ट बहुमत नआएका कारण एमालेले सरकारका लागि दाबी गर्दै अघि बढ्ने उपाध्यक्ष विष्णु पौडेलले बताएका छन्। 'कुनै पनि दलले बहुमत प्राप्त गर्न सकेका छैनन्,' पौडेलले भने, 'अब कुनै न कुनै रूपमा अंकगणितीय खेल हुन्छ, यस्तो संसदीय संरचनाले प्रतिकूल प्रभाव पार्ने निश्चित छ।' यस्तो अवस्थामा एमालेले सरकार गठनका लागि पहल गर्ने उनको भनाइ छ।

सत्ता गठबन्धनभित्र प्रधानमन्त्री बन्ने टुंगो नलागे पनि संसद्मा बहुमत जुटाउन प्रधानमन्त्री तथा कांग्रेस सभापति शेरबहादुर देउवा, माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल र नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालबीच गम्भीर छलफल भइरहेको स्रोतको भनाइ छ। सत्ता समीकरणमा जान गठबन्धनका कांग्रेस, माओवादी, एकीकृत समाजवादी, लोकतान्त्रिक समाजवादी पार्टी एकमत छन्। बालुवाटारमा गठबन्धनका शीर्ष नेता कसरी बहुमत पुऱ्याउने र कसलाई प्रधानमन्त्री, राष्ट्रपति र सभामुख बनाउने भन्नेमा केन्द्रित हुँदै गर्दा एमालेले सरकार गठनका लागि अन्य पार्टीसँग तालमेल या सम्झौता जे गर्न पनि तयार रहेको उपाध्यक्ष पौडेलले संकेत दिएका छन्। तर, सत्ता सञ्चालनका लागि भावी प्रधानमन्त्री अध्यक्ष ओली नै हुने पौडेलले प्रस्ट पारेका छन्।

चुनाव सकिएलगत्तै ओलीले टेलिफोन कुराकानीमा माओवादी केन्द्रका अध्यक्ष दाहालसँग मिलेर अघि बढ्न आग्रह गरेको विषय सार्वजनिक भएको थियो। यसबाट पनि एमाले सरकार गठनमा (बाँकी पृष्ठ २ मा)

# माओवादी झन् झन् सानो

■ जेबी योञ्जन

**काठमाडौं–** सत्तारूढ दल नेकपा माओवादी केन्द्र हरेक चुनावबाट झन् झन् सानो हुँदै गएको छ। सानो हुँदा दलीय शक्ति पनि कमजोर भएको छ। यद्यपि, यसपटक पनि सत्ता समीकरणमा निर्णायक दल हुने भएको छ। करिब ३१ सिट जित्ने देखिएको माओवादीले तेस्रो स्थान कायम राख्दै सत्ता समीकरणमा निर्णायक बन्ने भएको हो।

१५ वर्षअघि पहिलो संविधानसभा चुनावमा सबैभन्दा धेरै सिट जित्दै माओवादी पहिलो दल बनेको थियो। त्यसबेला माओवादीले प्रत्यक्षतर्फको २४० सिटमध्ये १२० सिट जितेर शक्तिशाली दलीय हैसियत बनाएको थियो। तर, यस्तो हैसियतमा माओवादी अहिले छैन। मंसिर ४ को चुनावबाट माओवादीले दोस्रो दल एमालेभन्दा करिब तेब्बर कम सिट जितेको छ। प्रत्यक्षतर्फ १७ जित्दा समानुपातिकतर्फ १४ सिट पाउने स्थितिमा माओवादी छ। जबकि, माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले ३० वैशाखमा भएको स्थानीय तह चुनावमा २०७४ सालमा भन्दा बढी स्थानीय तह जितेपछि हौसिँदै भन्ने गरेका थिए, 'देशको राजनीतिलाई कता मोड्ने ? माओवादी निर्णायक दल हो।'

चुनावबाट उनले दाबी गरेजस्तो शक्ति उनको दलले प्राप्त गरेन। आलोचकहरूले यसरी नै माओवादीले हरेक चुनावबाट जनमत गुमाउँदै जाने हो भने तीनवटा चुनाव थाम्न नसक्ने बताउँदै आएका छन्। माओवादी सचिव लीलामणि पोखरेल आलोचकहरूले अनुमान गरेजत्तिकै पार्टी कमजोर नहुने बताउँछन्। तर, उनले माओवादी हरेक चुनावबाट कमजोर बन्दै गएको स्वीकार गरे। कमजोर हुनुमा नौ कारण रहेको उनी बताउँछन्।

### माओवादी नेताकै नजरमा कमजोर हुनुको कारण

- पार्टी विभाजन हुनु
- आन्तरिक मतभेद हुनु
- साँस्कृतिक विचलन हुनु
- वर्गीय धरातल बिर्सिंदै जानु
- संगठन निर्माणमा ध्यान नदिनु
- माओवादी शक्तिमा पुग्दा मात्तिनु
- देशी/विदेशी शक्तिको घेराबन्दी हुनु
- कांग्रेसको संस्थापनइतर पक्षले मत नदिनु
- १७ हजार मारेको भन्दै आपराधीकरण गर्नु



### चारवटा चुनावमा माओवादीको शक्ति

| | |
|---|---|
| २०६४ | १२० सिट |
| २०७० | २६ सिट |
| २०७४ | ३६ सिट |
| २०७९ | १७ सिट |

उनका अनुसार पार्टी विभाजन हुनु, आन्तरिक मतभेद हुनु, कांग्रेसको संस्थापनइतर पक्षले मत नदिनु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शक्तिको घेराबन्दी हुनु, माओवादी शक्तिमा पुग्दा मात्तिनु, वर्गीय धरातल बिर्सिंदै जानु, संगठन निर्माणमा ध्यान नदिनु, १७ हजार मारेको भन्दै माओवादीलाई जबर्जस्त आपराधीकरण गर्नु र साँस्कृतिक विचलन हुनुले माओवादी कमजोर भएको हो। सचिव पोखरेलले माओवादी पुनर्गठन अबको अनिवार्य विकल्प रहेको बताए। 'यस्तै पाराले पार्टीलाई शक्तिमा फर्काउन सकिन्न। पूरै पार्टी पुनर्गठन गर्नुपर्छ। पार्टीका नेतादेखि कार्यकर्तासम्मका पंक्ति साँस्कृतिकरूपमा परिवर्तित हुन तयार हुनुपर्छ,' उनले *प्रभाव*सँग भने।

> व्याख्यात्मक घोषणासहित एमसिसी पारित गराउन माओवादीको भूमिका रह्यो। तर, माओवादी एमसिसीको विरूद्धमा उभिएर चुनावमा पनि त्यही एजेण्डा लगेको भए मत राम्रो पाउने थियो। किनभने, एमसिसी नरूचाउने ठूलो जमात छ।
>
> ■ भीम भुर्तेल
> वाम विश्लेषक

माओवादी १० वर्षे सशस्त्र विद्रोह गरेर शान्तिपूर्ण राजनीतिमा आएको शक्ति हो। गणतन्त्र, संघीयता, धर्म निरपेक्षता, समावेशीता र समानुपातिकजस्ता राजनीतिक उपलब्धिहरूको श्रेय यही दललाई जान्छ। ३ असोज २०७२ मा जारी संविधानबाट यी उपलब्धिहरू संस्थागत भएका छन्। तर, एजेण्डा बोकेको दल माओवादीको भने शक्ति क्षिण हुँदै गएको छ, जुन चुनावी तथ्यले पुष्टि गरेको छ। पहिलो संविधानसभा चुनाव २०६४ मा १२० सिट, दोस्रो संविधानसभा चुनाव २०७० मा २६ सिट, प्रतिनिधिसभा चुनाव २०७४ मा ३६ सिट जितेको माओवादी यसपालि १७ सिटमा (बाँकी पृष्ठ २ मा)

### फुट-गुट घातक

१५ वर्षमा कुनै दल बढी फुट्यो भने त्यो हो- माओवादी। पार्टी शान्तिपूर्ण राजनीतिमा आएपछि अलग हुने नेता मातृकाप्रसाद यादव हुन्। सशस्त्र विद्रोह थाल्दाका एक जना कमाण्डर उनी हाल माओवादीमै छन्। त्यसपछि २०६९ मा अध्यक्ष दाहालकै राजनीतिक गुरु भनेर चिनिने मोहन वैद्यसहितको ठूलो समूह पार्टीबाट बाहिरियो। त्यसको एक वर्षपछि भएको चुनावमा माओवादी एकैपटक पहिलोदेखि तेस्रो दल बन्यो।

यसरी विभाजनले कमजोर बनेको माओवादी २०७४ सालको प्रतिनिधिसभा चुनावमा केही ठूलो दल भएको थियो। तर, पार्टीबाट नेता रामबहादुर थापा, टोपबहादुर रायमाझी, लेखराज भट्ट, गौरिशंकर चौधरीलगायत नेताहरू बाहिरिए। उनीहरूविना चुनावमा गएको माओवादी यसपटक अझ कमजोर भएको हो।

माओवादी सचिव गणेश साह धेरै क्षेत्रमा पार्टीमा रहेको गुटको झगडाले चुनाव हारेको बताउँछन्। त्यही कारण पनि कम सिट जित्दा माओवादी कमजोर देखिएको उनले बताए। 'मधेसमा हाम्रै कमरेडहरूको झगडाले पार्टी पराजित भयो। अहिले शून्य अवस्थामा छ। सुदूरपश्चिम प्रदेशमा पनि त्यस्तै भयो,' उनले भने, 'यो त विपक्षी पार्टीलेभन्दा पनि हाम्रै कारणले चुनाव हारेको हो।'

मधेसमा नेता मातृका यादव र गिरिजामणि पोखरेलबीच टकराव छ, जसको असर चुनावमा देखिएको साहले संकेत गरेका हुन्।

**सन्दर्भ : वैदेशिक रोजगार**

### वैदेशिक रोजगार व्यवसायीलाई श्रममन्त्रीको चेतावनी

## बेथिति र ठगीका घटना नरोके कारबाही

■ प्रभाव संवाददाता

**काठमाडौं–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शेरबहादुर कुँवरले वैदेशिक रोजगारीमा बढ्दै गएको बेथिति र ठगीका घटना रोक्न म्यानपावर व्यवसायीहरूलाई निर्देशन दिएका छन्। पछिल्लो समय वैदेशिक रोजगारीमा जाने नेपालीहरू ठगिने, श्रम शोषणमा पर्ने, सम्झौताविपरीतको काम गर्नुपर्ने अवस्थाबाट गुज्रिएको भन्दै व्यवसायीलाई यस्तो बेथिति रोक्न निर्देशन दिएका हुन्।

मंगलबार श्रम मन्त्रालयमा म्यानपावर व्यवसायीसँग भएको छलफलमा मन्त्री कुँवरले वैदेशिक रोजगारीलाई मर्यादित र सुरक्षित बनाउन सबै उत्तरदायी हुनुपर्ने र मिलेर समस्याको समाधान गर्नुपर्ने बताए। छलफल कार्यक्रममा एक हजारभन्दा बढी कामदार मलेसिया पठाउने व्यवसायीहरूको सहभागिता रहेको मन्त्री कुँवरको सचिवालयले जनाएको छ। मलेसियमा जाने कामदारहरूको लागि 'फ्रि भिसा, फ्रि टिकट'को व्यवस्थाविपरीत चर्को रकम असुलेका खबर सार्वजनिक भइरहेको भन्दै उनले यसको जिम्मेवार म्यानपावर व्यवसायी नै भएको बताए।



'सरकारले नीति नियम बनाएको छ, फ्रि भिसा फ्रि टिकटमा कामदार पठाउन श्रम सम्झौता गरेको छ,' मन्त्री कुँवरले भने, 'तर पनि सामान्य परिवारको व्यक्ति मलेसिया जान लाखौं रकम तिर्न बाध्य छ, यसमा हामी कडा अनुगमन गर्छौं, तपाईंहरूले पनि विशेष ध्यान दिनुहोला।'

उनले वैदेशिक रोजगारीको क्षेत्रमा भइरहेको विकृतिलाई न्यूनीकरण गर्दै मर्यादित र सुरक्षित रोजगारीका लागि सरकारको तर्फबाट नीति नियम संशोधन गर्नेदेखि अनुगमनका पक्षलाई पनि कडाइका साथ लागू गर्ने जानकारी दिए। मन्त्री कुँवरले म्यानपावर व्यवसाय पनि राज्यको एक हिस्सा भएकाले यस क्षेत्रमा समस्या र व्यवसायीका मागलाई सम्बोधन गर्न सरकार बाधक नभएको बताए। तर, उनले वैदेशिक रोजगारीका नाममा ठगी गर्ने व्यक्ति र संस्थाहरूविरुद्ध कारबाही गर्नबाट सरकार पछि नहट्ने प्रतिबद्धता व्यक्त गरे।

मन्त्रालयका सचिव एकनारायण अर्यालले मलेसियाको रोजगारीलाई व्यवस्थित बनाउनका लागि सबै मिलेर अगाडि बढ्नुपर्नेमा जोड दिए। उनले पछिल्लो समय मलेसिया जाने नेपाली कामदार ठगिने समस्या धेरै आएकाले यसलाई व्यवस्थापन गर्नका लागि व्यवसायीलाई आग्रह गरे। साथै, सचिव अर्यालले मलेसियामा सहजरूपमा कामदार पठाउने विषयमा वैदेशिक रोजगार ऐनमा भएका केही अप्ठचारो बुँदालाई संशोधन गर्न मन्त्रालय तयार रहेको जानकारी दिए। वैदेशिक रोजगार विभागका महानिर्देशक उमाकान्त आचार्यले म्यानपावर कम्पनीविरुद्ध विभागमा आएका उजुरीले ध्यानाकर्षण भएको बताए।

छलफलका क्रममा मलेसियामा कामदार पठाउँदा 'फ्रि भिसा, फ्रि टिकट'मै पठाउने गरेको र बीचमा कामदारलाई ल्याउने एजेण्टका कारण बदनाम हुनुपरेको म्यानपावर व्यवसायीले बताए। उनीहरूले बिचौलियालाई रोक्नका लागि नीति नियम बनाउन पनि सरकारलाई आग्रह गरे।

## कालिञ्चोक दर्शन र सुपर मादीको आइपिओमा छुट्याइयो कोटा

■ प्रभाव संवाददाता

**काठमाडौं–** कालिञ्चोक दर्शन र सुपर मादी हाइड्रोपावरले वैदेशिक रोजगारीमा गएका नेपालीहरूका लागि प्रारम्भिक सेयर (आइपिओ) मा लगानी गर्न कोटा छुट्याएका छन्। सरकारले व्यवस्था गरेको धितोपत्र निष्काशन तथा बाँडफाड (छैटौं संशोधन) निर्देशिका २०७९ अनुसार यी दुई कम्पनीले वैदेशिक रोजगारीमा गएकाहरूलाई आइपिओमा लगानी गर्न कूल निष्काशनको १० प्रतिशत कोटा छुट्याएका हुन्।

कालिञ्चोक दर्शनले वैदेशिक रोजगारीमा रहेका नेपालीहरूका लागि आज (बुधबार)बाट आवेदन खुला गर्दै छ। कम्पनीले जारी पुँजी ६० करोड रूपैयाँको १० प्रतिशतले हुन आउने एक लाख आठ हजार कित्ता वैदेशिक रोजगारीमा रहेका नेपालीहरूका लागि निष्काशन गरेको छ। मापदण्ड पुगेका वैदेशिक रोजगारीमा गएका नेपालीहरूले मंसिर २८ गतेसम्म आइपिओमा आवेदन दिनसक्ने कम्पनीले जनाएको छ। सेयर आवेदकले नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्बा सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाबाट सि-आस्बा प्रणालीमार्फत पनि आवेदन दिन सक्ने छन्। यसका लागि विदेश गएका नेपालीले रेमिट बचत खाता खोल्नुपर्नेछ।

यस्तै मंसिर २० गतेदेखि आइपिओ जारी गर्ने तयारीमा रहेको सुपर मादी हाइड्रोपावरले पनि वैदेशिक रोजगारीमा रहेकाहरूलाई सेयर लगानी आरक्षित गरेको छ। कम्पनीले सर्वसाधारणलाई निष्काशन हुने २१ लाख कित्ताको १० प्रतिशत अर्थात् दुई लाख १० हजार कित्ता सेयर विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरूका लागि निष्काशन (बाँकी पृष्ठ २ मा)




# थारु समुदायका लागि आरक्षण नछुटचाउन आदेश

**काठमाडौं (प्रदेश)**– सर्वोच्च अदालतले थारु समुदायका लागि निजामती तथा सरकारी सेवाको विज्ञापनमा ६.६ प्रतिशत आरक्षण नछुटचाउन आदेश गरेको छ। न्यायाधीशद्वय प्रकाशमानसिंह राउत र डा.कुमार चुडालको संयुक्त इजलासले आइतबार गरेको आदेशमा गत कात्तिक २० गते दिएको अन्तरिम आदेशलाई निरन्तरता दिन अस्वीकार गर्दै उक्त आरक्षणको नछुटचाउन आदेश गरेको हो।

'अन्तरिम आदेश कायम राख्दा मुलुकको सार्वजनिक सेवा प्रवाहमा गम्भीर असर पर्न सक्ने संवेदनशील अवस्था र परिस्थितिलाई विचार गर्दा यस अदालतबाट गत कात्तिक २० मा जारी भएको अन्तरिम आदेश कायम रहनु वाञ्छनीय नहुँदा उक्त मितिको अन्तरिम आदेश रद्द गरिएको छ,' आदेशमा उल्लेख छ।

आदेशमा प्रतिनिधित्व सुनिश्चिततामा विविधतामा क्लस्टर छुटचाएको पदलाई सय प्रतिशत मान्दा थारु समुदायका लागि ६.६ प्रतिशत छुटचाउन नसक्ने उल्लेख छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको तर्फबाट सचिव मधुकुमार मरासिनीले थारु कल्याणकारिणी सभाको केन्द्रीय महामन्त्री प्रेमीलालप्रसाद चौधरीविरुद्धको निवेदन दिएका थिए।

थारु समुदायका व्यक्तिले मधेसी तथा आदिवासी र जनजाति दुवै क्लस्टरबाट सहभागिता जनाउन पाउने भएकाले प्रतिनिधित्व सुनिश्चितामा द्विविधा नभएको उल्लेख गर्दै अन्तरिम आदेश खारेजीको माग गरिएको थियो।

## माओवादी...

पृष्ठ १ बाट जारी

खुम्चिएको छ।

वाम विश्लेषक भीम भुर्तेल माओवादीसँग मतदातासमक्ष भोट माग्ने नयाँ एजेण्डा केही नभएको बताउँछन्। 'सन्को २००० सालपछि जन्मेकाहरू यसपटकका नयाँ मतदाता हुन्। उनीहरूले संघीयता, गणतन्त्रभन्दा मत दिँदैनन्। उनीहरूलाई यसबारे मतलव पनि छैन। उनीहरूलाई प्रभावित पार्न शिक्षा, स्वास्थ्य र रोजगारका एजेण्डा सुनाएर मत माग्न सकिन्थ्यो तर माओवादीको त्यस्तो एजेण्डा भएन,' भुर्तेलले भने।

अमेरिकी सहयोग परियोजना मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसिसी) परियोजनाको विपक्षमा उभिएको भए माओवादीलाई यो चुनाव लाभदायक हुने उनको विश्लेषण छ। '१२ बुँदे व्याख्यात्मक घोषणा गरेर पारित गराउन माओवादीको भूमिका र हयो। तर, माओवादी एमसिसीको विरुद्धमा उभिएर चुनावमा पनि त्यही एजेण्डा लगेको भए मत राम्रो पाउने थियो। किनभने, एमसिसी नरुचाउने ठूलो जमात छ,' भुर्तेलले भने। माओवादी कमजोर हुनुको अर्को कारण भने माओवादीले कुन वर्गको प्रतिनिधित्व गर्छ भन्ने यकिन गर्न सकिने अवस्था नभएको उनको भनाइ छ।

हुन त श्रमजीवी र सर्वहारा वर्गको प्रतिनिधित्व गर्ने दलको रूपमा माओवादीले आफूलाई चिनाउँछ। तर, साँस्कृतिक विलचनले माओवादी पुँजीवादी धारमा पुगेको चर्चा हुने गरेको छ।

## कालिञ्चोक...

पृष्ठ १ बाट जारी

गर्ने जनाएको छ। वैदेशिक रोजगारीमा रहेका नेपालीहरूले न्यूनतम १० देखि अधिकतम ५० हजार कित्तासम्म आइपिओ भर्न पाइने र यसका लागि पुस ५ गतेसम्म आवेदन दिन सकिने कम्पनीले जाएको छ।

वैदेशिक रोजगारमा रहेका नेपालीहरूले नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त सम्पूर्ण आस्बा सदस्य बैंक तथा वित्तीय संस्था र तिनका तोकिएको शाखा कार्यालयहरूमा सी-आस्बा प्रणालीबाट आवेदन दिनसक्ने कम्पनीले उल्लेख गरेको छ।

कालिञ्चोक दर्शन र सुपर मादी हाइड्रो सरकारले गरेको व्यवस्था अनुसार वैदेशिक रोजगारीमा गएकाहरूलाई आइपिओमा १० प्रतिशत आरक्षण दिने पहिलो कम्पनी भएका छन्। विदेशमा गएका नेपालीहरूले आइपिओमा रुचि देखाए पनि मापदण्डका कारण थोरै मात्र आवेदन पर्न सक्ने एक बैंकरले बताए।

वैदेशिक रोजगारीमा गएका नेपालीहरूले नेपालका बैंकहरूमा रेमिट खाता खोल्नुपर्ने, खाता खोलेपछि डिम्याट खाता सञ्चालनमा ल्याउनुपर्ने, कम्तीमा छ महिनाभित्र ५० हजार रूपैयाँ खातामा पठाएको हुनुपर्ने वा रेमिटचान्समार्फत एक लाख रूपैयाँ पठाएको प्रमाणित कागजात हुनुपर्ने प्रावधान राखिएको छ।

भर्खरै रोजगारीका लागि विदेश गएका वा अध्ययनका लागि विदेश गएका विद्यार्थीले भने आइपिओमा आवेदन दिन पाउने छैनन्।

## सरकार गठनको...

पृष्ठ १ बाट जारी

सक्दो कोसिस गरिरहेको छ भन्ने देखाएको छ। यतिखेर सरकार गठनमा गठबन्धन र एमालेको चर्को शक्ति संघर्ष देखिएको छ। उनीहरूको नजर रवि लामिछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)मा पनि परेको छ। निर्वाचनमार्फत चौथो शक्तिका रूपमा उदय भएको रास्वपा र पुरानो दल राप्रपाले पनि बलियो राजनीतिक ताकत आर्जन गरेको कारण अब बन्ने सत्ता समीकरणमा राम्रै प्रभाव पार्ने कतिपय राजनीतिक विश्लेषकहरूको भनाइ छ।

---

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **YB Enterprise Sdn. Bhd.**

पूर्व स्वीकृति मिति २०७९/०५/१५ पुन स्वीकृति मिति २०७९/०८/१३ LT. No. 268148 चलानी नं. ६०१८४१२४

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Factory Worker (Manufacturing Sec.) | 15 | 0 | 1500 | ४३,९०७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : **Gunung Seraya Wood Products Sdn Bhd**

पूर्व स्वीकृति मिति २०७९/०३/०९ पुन स्वीकृति मिति २०७९/०८/१३ LT. No. 265332 चलानी नं. ६०१८१५७२

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Factory Worker | 50 | 0 | 1500 | ४३,९०७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: मंसिर २० गते (6th Dec. 2022)मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

**AMCON OVERSEAS PVT. LTD**
श्रम ईजाजत नं. ६८४/०६३/०६४
Chappal Karkhana, Kathmandu, Tel: 01-4373522, 4373977
E-mail: amconoverseas123@gmail.com

---

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **ADVANCED MEASURING INDUSTRIAL INSTRUMENTATION CO.**

पूर्व स्वीकृति मिति : २०७९/०८/१३ LT. No. 276811 चलानी नं. ६०१९२३६४

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Loading And Discharge Labor | 1 | 0 | 1200 | ४१,८८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ मंसिर २१ गते (7th Dec. 2022) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

**Munal Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. ४६५/०६०/०६१
Kalamatidole, Airport, Ktm, Nepal. Tel.: +977-01-4461297, 4468625, Fax: +977-01-4462046

---

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **RESTORAN FOO KWAI**

पूर्व स्वीकृति मिति २०७९/०८/१३ LT. No. : 276656 चलानी नं.: ६०१९२३१४

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Restaurant Crew | 3 | 0 | 1500 | ४३,९०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ मंसिर २१ गते (7th Dec. 2022) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

**Kasturi International Service Pvt. Ltd.**
Govt. License 128/055/56
Baluwatar, Maharajgunj, Kathmandu, Nepal, Tel: +97714539647, +97714541458
E-mail:-kasturi128@hotmail.com. Web: www.kasturiint.com

---

## कुवेत/कतार/मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **JADE BEAUTY SALOON FOR LADIES.**

पूर्व स्वीकृति मिति : २०७८/०८/०६ पुन विज्ञापन स्वीकृति मिति २०७९/०८/१३ LT. No. 251323 चलानी नं.६०१७७२६९

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | KWD | ने.रू. | | | | | | | |
| 1 | Hairdresser | 0 | 1 | 150 | ६४,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Manicurist | 0 | 2 | 150 | ६४,४०० | | | | | | | |

कम्पनी : **NAIL POLISH BEAUTY SALOON FOR LADIES**

पूर्व स्वीकृति मिति : २०७८/१२/२१ पुन विज्ञापन स्वीकृति मिति २०७९/०८/१३ LT. No. 260934 चलानी नं.६०१७७२६९

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | KWD | ने.रू. | | | | | | | |
| 1 | Hairdresser | 0 | 1 | 140 | ६०,१०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Manicurist | 0 | 1 | 140 | ६०,१०५ | | | | | | | |

कम्पनी : **CAPRI INTERNATIONAL RESTAURANT & CAFE CO. SPC**

पूर्व स्वीकृति मिति : २०७९/०३/०९ पुन विज्ञापन स्वीकृति मिति २०७९/०८/१३ LT. No. 265461 चलानी नं.६०१८१७२३

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | KWD | ने.रू. | | | | | | | |
| 1 | Coffee Maker | 1 | 1 | 140 | ६०,१०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Restaurant Worker | 2 | 0 | 140 | ६०,१०५ | | | | | | | |
| 3 | Waiter / Waitress | 3 | 3 | 140 | ६०,१०५ | | | | | | | |

कम्पनी : **CREDENCE TRADING & CONTRACTING W.L.L**

पूर्व स्वीकृति मिति : २०७९/०५/०२ पुन विज्ञापन स्वीकृति मिति २०७९/०८/१३ LT. No. 269883 चलानी नं.६०१८५७६७

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | QR | ने.रू. | | | | | | | |
| 1 | Carpenter | 1 | 0 | 1100 | ३९,८८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Foreman | 1 | 0 | 2500 | ९०,६५० | | | | | | | |
| 3 | Mason | 2 | 0 | 1100 | ३९,८८५ | | | | | | | |

कम्पनी : **CHOP CHEONG BEE SDN. BHD.**

पूर्व स्वीकृति मिति २०७९/०८/१३ LT No :276537 चलानी नं. ६०१९२३८०

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Farm Worker | 35 | 0 | 1500 | ४३,९०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : **BIG PHARMACY HEALTHCARE SDN BHD**

पूर्व स्वीकृति मिति २०७९/०५/०८ पुन विज्ञापन स्वीकृति मिति २०७९/०८/१३ LT. No. 270117 चलानी नं. ६०१८६०५१

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Storage Labour | 25 | 0 | 1500 | ४२,५८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : **METROPACK SDN.BHD.**

पूर्व स्वीकृति मिति २०७९/०८/१३ LT No :276662 चलानी नं. ६०१९२३३४

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Factory Worker (Manufacturing Sec.) | 6 | 0 | 1500 | ४३,९०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : **JK SECURITY SDN BHD**

पूर्व स्वीकृति मिति २०७९/०८/१३ LT No :276538 चलानी नं. ६०१९२३३३

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Security Guard | 25 | 0 | 1500 | ४३,९०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ मंसिर २१ गते (7th Dec. 2022) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

**Omega International Pvt. Ltd.**
Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

---

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **GREEN LAND COMPANY FOR GENERAL BUILDING**

पूर्व स्वीकृति मिति २०७९/०८/१३ LT. No. 276842 चलानी नं. ६०१९२३९२

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | KWD | ने.रू. | | | | | | | |
| 1 | General Worker | 10 | 0 | 100 | ४२,९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ मंसिर २१ गते (7th Dec. 2022) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

**Target Consultant Human Resources Pvt. Ltd.**
श्रम ईजाजत नं.८३३/०६६/०६७
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251, 9801354109
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

---

## मलेसिया/साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **INSTANT EXPOSITION SERVICES SDN BHD**

पूर्व स्वीकृति मिति २०७९/०४/०४ पुन विज्ञापन स्वीकृति मिति २०७९/०८/१३ LT. No. 266433 चलानी नं. ६०१८३५१६

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | General Workers | 50 | 0 | 1500 | ४३,९०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : **KARMA EAMAR CONTRACTING CO**

पूर्व स्वीकृति मिति: २०७९/०८/१३ LT. No. 276797 चलानी नं. ६०१८८८४७

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Construction Agent | 10 | 0 | 1000 | ३४,९०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ मंसिर २१ गते (7th Dec. 2022) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

**G.R. Manpower Service Pvt. Ltd.**
श्रम ईजाजत नं. ८६१/०६६/०६७
Samakhusi- 26, Kathmandu, Nepal. Tel : +977-1-4355695
E-mail: grmanpower861@gmail.com

---

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **MBF PROTECTION SERVICES SDN BHD**

पूर्व स्वीकृति मिति २०७९/०६/११ पुन विज्ञापन स्वीकृति मिति २०७९/०८/१३ LT. No. 272666 चलानी नं. ६०१८८४८२

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Security Guard | 16 | 0 | 1500 | ४३,९०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ मंसिर २१ गते (7th Dec. 2022) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

**Rising Recruitment Pvt.Ltd.**
श्रम ईजाजत नं. ८७८/०६७/०६८
Baluwatar, Kathmandu, Nepal. Tel: 977-1-4436597 / 4420587

---

## क्याराभान बचत तथा ऋण सहकारी संस्था लि.

बसुन्धारा-३, काठमाडौं
फोन नं. ०१-४३७८२८८, ४३७८२९०

### धितो लिलाम बिक्री गर्ने बारे २१ दिने अत्यन्त जरुरी सूचना

**प्रकाशित मिति: २०७९/०८/१४ गते**

यस तपसीलमा उल्लेखित ऋणी संस्थाले उपभोग गरेको कर्जाको साँवा, व्याज र हर्जना रकम तिर्न बुझाउनु पर्नेमा हालसम्म नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरू उल्लंघन गरेकाले सो सम्बन्धमा मौखिक तथा लिखित पत्रद्धारा ताकेता गर्दा समेत कर्जा नतिरेको, नबुझाएको हुँदा मिति २०७९/०५/२७ गतेको प्रभाव दैनिक राष्ट्रिय पत्रिकामा कर्जा चुक्ता गर्नका लागि ३५ (पैतिस) दिने सार्वजानिक सूचना प्रकाशित गर्दा समेत निजले कर्जा चुक्ता नगरेको कारण तपसिलमा उल्लेखित धितो सुरक्षण सम्पत्ति लिलाम विक्री गरी यस वित्तीय सहकारीको सम्पूर्ण लेना रकम असुल उपर गरी लिनको लागि ऋणको सुरक्षण वापत लेखाई दिएको धितो लिलाम विक्री गर्न यो दोस्रोपटक २१ दिने धितो लिलाम सम्बन्धी सूचना प्रकाशित गरिएको छ।

अत: उल्लेखित म्यादभित्र तपसिलमा उल्लेखित लिलाम बिक्री हुने धितो सुरक्षण सम्पत्ति गोप्य सिलबन्दी बोलपत्रद्वारा खरिद गरी लिन इच्छुक संघ, संस्था, फर्म, कम्पनी तथा सर्वसाधारण महानुभावहरूले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र आफूले कबोल गरेको रकम कार्यालय समयमा सहकारी संस्थाको कार्यालयमा आफुले लिन कबुल गरेको कुल रकमको दश (१०) प्रतिशत हुन आउने रकम यसै सहकारीको ग्लोवल आइ.एम.इ.बैंक लि.को खाता नम्बर०८०१०१०००००९५ मा जम्मा गरेको भौचर सहितको गोप्य सिलबन्दी बोलपत्र पेश गर्नुहुन अनुरोध गर्दछौं। लिलाम विक्रीमा सो सुरक्षण धितो सम्पत्ति कसैले स्विकार नगरेमा वा रितपूर्वक बोलपत्र नपरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७, सहकारी ऐन २०७४ तथा प्रचलित कानुन बमोजिम धितो सुरक्षण सम्पत्ति संस्था आफैंले सकार गरी लिने व्यहोरा समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ। धितो लेखिदिएको सम्पत्ति लिलाम विक्री गर्दा वा संस्था आफैंले सकार गर्दा साविकमा संस्थाबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा विक्री भयो वा मेरो हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा विक्री भयो वा संस्था आफैंले सकार गरी लियो भनी कहीकतै उजुरबाजुर गर्न पाइने छैन। साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम विक्रीबाट पनि यस संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा सम्बन्धित ऋणी संस्था तथा जमानी कर्ताहरूको अन्य चल अचल जायजेथा सम्पत्तिबाट समेत असुल उपर गरी लिने र ऋणी तथा जमानी कर्तालाई प्रचलित कानुन बमोजिम कालो सूचीमा समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गराइन्छ। बोलपत्र सम्बन्धि शर्तहरू सहकारी संस्थाले निर्धारण गरे बमोजिम हुनेछ।

**तपसील**

| ऋणीको विवरण | साक्षी/जमानीको विवरण | समय तालिका |
|---|---|---|
| **नाम थर** : श्री आङ फुर्वा थुलुङ<br>**ससुराको नाम** : श्री भुपाल थुलुङ<br>**पतिको नाम** : श्री रमेश बाबु थुलुङ<br>**स्थायी ठेगाना** : सोलुखुम्बु जिल्ला, नेले गा.वि.स., वडा नं.७<br>**हालको ठेगाना** : जोपाटी-७, काठमाडौं<br>**ना.प्र.नं.**: ३८५७-४-३१४<br>**जारी जिल्ला**: जि.प्र.का.सोलुखुम्बु<br> | **हजुरबुबा** : श्री धर्मपती थुलुङ<br>**बुबा** : श्री भुपाल थुलुङ्ग<br>**जमानत** : श्री रमेश बाबु थुलङ<br>**ठेगाना** : जिल्ला सोलुखुम्बु, गा.वि.स.नेले, वडा नं.७<br>**ना.प्र.नं.**: ६७९-१९६८-३१३<br> | **बोलपत्र खोलिने समय, स्थान र मिति**:२०७९/०९/०८ गते<br>**स्थान**: सहकारी संस्थाको कार्यालय,का.जि.का.म.न.पा. वडा नं. ३, बसुन्धारा<br>**समय** : दिनको १ बजे<br>बोलपत्र फारम सहकारीको कार्यालयमा उपलब्ध छ। |
| **धितो विवरण**<br>**घर/जग्गाधनीको**<br>**नाम थर**: श्री आङ फुर्वा थुलुङ<br>**ठेगाना** : काठमाडौं जिल्ला जोरपाटी-७<br>**कित्ता नं** : १९६ र २००<br>**जम्मा क्षेत्रफल**: १२३.१९ व.मि.को जग्गा र सोमा निर्मित घर र सोमा जडित सबै प्रकारको संरचनाहरू समेत | **हजुरबुबा** : श्री भुपाल थुलुङ<br>**बुबा** : श्री रमेश बाबु थुलुङ<br>**जमानत** : श्री रोशन बाबु थुलुङ<br>**ठेगाना** : जिल्ला सोलुखुम्बु गा.वि.स.नेले, वडा नं.७<br>**ना.प्र.नं.**: ३८५८-३००-२५१<br><br><br>**हजुरबुबा** : श्री भुपाल थुलुङ<br>**बुबा** : श्री रमेश बाबु थुलुङ<br>**जमानत** : श्री महेश बाबु थुलुङ<br>**ठेगाना** : जिल्ला सोलुखुम्बु गा.पा. दूधकौशीका, वडा नं.१<br>**ना.प्र.नं.** : ३८१-११०३८-४१६<br> | |

# कपिलवस्तुमा ३७ हजारभन्दा बढी मत बदर

■ प्रभव संवाददाता

**कपिलवस्तु**– यही मंसिर ४ गते सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनमा ३७ हजार बढी मत बदर भएको छ । जिल्ला निर्वाचन कार्यालय कपिलवस्तुका निर्वाचन अधिकृत राजीव पन्थीका अनुसार प्रत्यक्ष तथा समानुपातिक गरी ३७ हजार ७३६ मत बदर भएको हो ।

प्रत्यक्षतर्फ प्रतिनिधिसभामा १३ हजार ४५६ मत बदर भएको छ भने प्रदेशसभामा ११ हजार १४३ मत बदर भएको पन्थीले जानकारी दिए । तीन प्रतिनिधिसभा र छ प्रदेशसभा निर्वाचन क्षेत्र रहेको जिल्लामा सबैभन्दा बढी मत क्षेत्र नं ३ मा बदर भएको छ ।

क्षेत्र नं ३ मा प्रत्यक्षतर्फको प्रतिनिधिसभामा ५.३१ प्रतिशत मत बदर भएको छ भने दुवै प्रदेशसभा १ मा ४.३२ प्रतिशत र प्रदेशसभा २ मा ५.८१ प्रतिशत मत बदर भएको छ । जिल्लामा सबैभन्दा कम मत क्षेत्र नं २ मा बदर भएको छ । प्रतिनिधिसभातर्फ ३.८१ प्रतिशत मत बदर हुँदा प्रदेशसभा १ मा २.६० प्रतिशत र प्रदेशसभा २ मा ४.६५ प्रतिशत मत बदर छ ।

क्षेत्र नं १ मा ५.८७ प्रतिशत मत बदर भएको छ । प्रदेशसभा १ मा ३.८१ प्रतिशत र प्रदेशसभा २ मा ५.६४ प्रतिशत मत बदर भएको छ । प्रतिनिधिसभा तथा प्रदेशसभा समानुपातिकतर्फ क्षेत्र नं १ मा ५.३३ प्रतिशत, क्षेत्र नं २ मा ४.१८ प्रतिशत र क्षेत्र नं ३ मा ५.९९ प्रतिशत मत बदर भएको छ ।

जिल्लामा मतदाता शिक्षा प्रभावकारी नभएको कारण मत बदर भएको कपिलवस्तु नागरिक समाजका अध्यक्ष डोलकबहादुर पछाईको भनाइ छ । 'हरेक निर्वाचनमा मत बदर हुने गरे पनि त्यसलाई कम गर्ने कुनै योजना बनेको देखिँदैन,' उनले भने ।

जिल्लामा कूल मतदाता तीन लाख ६८ हजार २३२ रहेकामा दुई लाख ५३ हजार ५०९ मत खसेको थियो । जिल्लामा ६७.२ प्रतिशत मत खसेको जिल्ला निर्वाचन कार्यालय कपिलवस्तुका सूचना अधिकारी अनिता क्षेत्रीले बताए ।

# सुनवलका वडावडामै योजना सम्झौता

**मध्यबिन्दु (प्रस)**– नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)को सुनवल नगरपालिकाले वडाबाटै योजना सम्झौता गर्न थालेको छ । वडाबाटै योजना सम्झौता हुन थालेपछि नगरवासीलाई सहज भएको छ । नगरसभाबाट विनियोजन भएका नगरस्तरीय योजना र वडाबाट छनोट भएका वडास्तरीय योजनाको सम्झौता सम्बन्धित वडाबाटै गर्न थालिएको नगरप्रमुख विमला अर्यालले जानकारी दिए ।

सम्बन्धित वडामा नगरप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, योजना शाखाका कर्मचारीसहितको टोली पुगेर सम्बन्धित वडाध्यक्ष, सचिव तथा छनोट भएका योजनाका उपभोक्ता समितिका पदाधिकारीकाबीच कार्य सम्झौता गर्ने काम भइरहेको नगरप्रमुख अर्यालले बताए । 'वडाबाटै सम्झौता गर्दा काम समयमै र छिटोछरितो सम्पन्न गर्न सकिन्छ, उपभोक्ता समितिलाई अब योजना सम्झौताका लागि नगरपालिका कार्यालयसम्म धाइरहनुपर्ने अवस्थाको अन्त्य भएको छ,' नगरप्रमुख अर्यालले भने, 'सही उपभोक्ता पहिचान गर्नमा सघाउ पुग्ने मुख्य उद्देश्यले वडावडामै योजना सम्झौतालाई अभियानका रूपमा अगाडि बढाइएको हो ।'

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत भक्तिराम मरासिनीले नगरवासी लाभग्राहीका लागि यो एक प्रकारको घुम्ती सेवाजस्तै भएको बताए । 'उपभोक्ता समितिले योजना सम्झौतापश्चात् अन्तिममा काम सकेर भुक्तानीका लागिमात्रै नगरपालिका कार्यालयमा आए हुन्छ,' मरासिनीले भने । जम्मा १३ वडा रहेको नगरपालिकाका हालसम्म वडा नं ४, ५ र १२ मा यो कार्यको सुरुआत भइसकेको छ । बाँकी वडामा क्रमश: सम्झौता गरिने जानकारी दिइएको छ ।

# सुदूरपश्चिममा डेंगु संक्रमण घट्दो

**बैतडी (प्रस)**– सुदूरपश्चिम प्रदेशमा मंगलबारसम्म डेंगुले तीन जनाको मृत्यु भइसकेको छ । सुदूरपश्चिम स्वास्थ्य निर्देशनालयका कीटजन्य रोग नियन्त्रण सम्पर्क व्यक्ति हेमराज जोशीका अनुसार डेंगुका कारण कैलालीमा दुई र अछाममा एकजनाको मृत्यु भएको हो । प्रदेशभर एक हजार २७२ जनामा संक्रमण पुष्टि भइसकेको छ ।

कैलालीमा ४३०, कञ्चनपुरमा २१४, दार्चुलामा ३३२, डोटीमा ८४, बैतडीमा ७३, डडेलधुरा र अछाममा ४०/४०, बझाङमा ३३ र बाजुरामा २७ जनामा संक्रमण देखिएको जोशीले बताए ।

लामखुट्टेको टोकाइबाट हुने डेंगु संक्रमण पछिल्लो समय भने घट्दै गएको छ । गर्मी र वर्षात्को समयमा संक्रमण बढी देखिएको भए पनि हाल भने बिरामीको संख्या घटेको जिल्ला अस्पताल बैतडीका प्रमुख डा. दीपेश श्रेष्ठले जानकारी दिए ।

वर्षात्मा दैनिकरूपमा डेंगुका बिरामी बढ्दै गएपछि प्रदेशभरि डेंगु संक्रमण फैलाउने लामखुट्टेको लार्भा भेटिएकाले पानी जम्ने ठाउँ पहिचान गरेर सरसफाइ अभियानका साथै सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको थियो ।

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**यातायात पूर्वाधार निर्देशनालय**
**पूर्वाधार विकास कार्यालय**
बैतडी

## बोलपत्र स्वीकृत हुने आशयको सूचना

**(प्रथम पटक प्रकाशित मिति: २०७९।०८।१४)**

